स्वीकृत

नगर प्रमुख

## स्थानीय विपद तथा जलवायु उत्थानशील निर्देशिका

### विपद तथा जलवायु उत्थानशील विशेष कोष संचालन तथा व्यवस्थापन निर्देशिका २०७४

### प्रस्तावना

विपद तथा जलवायु परिवर्तन को दृष्टिकोणले नेपाल संसारकै एक संवेदनशील राष्ट्रको सूचीमा पर्दछ । विपद व्यवस्थापनका साथै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरि प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट सर्बसाधारणको जीउ ज्यान सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पति, प्राकृतिक एवम सांस्कृतिक सम्पदा र भौतिक संरचनाको क्षतिलाई न्यूनिकरण गर्न सहयोग पुर्‍याउने अभिप्रायले स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ७ को ३ दफा १-६ (न) ले दिएको अधिकार बमोजिम विपद तथा जलवायू उत्थानशील विशेष कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७४ तयार गरि दशरथचन्द नगरपालिकाले लागू गरेको छ ।

**परिच्छेद १**

### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस निर्देशिकाको नाम "विपद तथा जलवायु उत्थानशील विशेष कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७४ रहेको छ" ।

१.२. यो निर्देशिका दशरथचन्द नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२.परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा ,

(क) "निदेशिका" भन्नाले विपद तथा जलवायु उत्थानशील विशेष कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७४ बुझ्नु पर्नेछ ।

(ख) "कोष" भन्नाले स्थानिय विपद तथा जलवायु उत्थानशील व्यवस्थापन विशेष कोष सम्झनुपर्छ ।

(ग) "समिति" भन्नाले विपद तथा जलवायु उत्थानशील व्यवस्थापन विशेष कोष सञ्चालन तथा व्यवस्थापन समिति  बुझ्नुपर्छ ।

(घ) "नगरपालिका" भन्नाले दशरथचन्द नगरकार्यपालिका सम्झनुपर्छ ।

(ङ) "नगर" भन्नाले दशरथचन्द नगरपालिकाको भौगोलिक सीमानालाई सम्झनुपर्छ ।

(च) "विपद" भन्नाले प्राकृतिक तथा मानव जन्य विपदलाई सम्झनुपर्छ ।

**३. कोषको स्थापना र छाप**

विपद तथा जलवायु उत्पादनशील व्यवस्थापन विशेष कोष नाम गरेको एक कोषको स्थापना हुनेछ । अनुसूचि १ अनुसार कोषको आफ्नो एउटै छुट्टै छाप हुनेछ ।

**४. कोषको मुख्य कार्यालय :**

४-१ कोषको मुख्य कार्यालय  दशरथचन्द नगरपालिकाको कार्यालय बैतडीमा रहनेछ ।

**परिच्छेद -२**

स्वीकृत

**५.कोषको अवधारणा :**

नगरमा हुने सबै प्रकारका विपद तथा जलवायु सम्बन्धी प्रकोपहरुलाई न्युनिकरण गरी विपद तथा जलवायु परिवर्तन बाट हुने प्रभावबाट पिडित व्यक्ति परिवार संघ संस्थाको संख्यामा कमी ल्याउन र पुर्नस्थापनामा सहयोग पुऱ्याउन नै कोष को अवधारणा हुनेछ ।

**६. लक्ष्य :**

विपदमा परेका व्यक्ति, घर परिवार, संघ/संस्थाहरुलाई उद्धारमा सहयोग पुऱ्याउनु कोषको लक्ष्य रहेको छ ।

**७. उदेश्य :**

कोषको उदेश्य देहायअनुसार हुनेछ ।

७.१ विपदबाट पिडितको उद्धार तथा पुर्नस्थापनाका लागि जिल्ला स्थित सबै कार्यालय प्रदेश र केन्द्रवीच समन्वय गर्नुका साथै जनसहभागिता जुटाउन पहल गर्ने ।

७.२ विपदका दृष्टिकोण जोखिमपुर्ण क्षेत्रहरुको पहिचान गरी प्रकोप रोकथामका लागि चेतनामूलक कार्य गर्ने ।

७.३ विपदबाट हुन सक्ने जोखिमलाई न्यून गर्न सहयोग पुऱ्याउने अभिप्रायले नीतिगत तथा संस्थागत संयन्त्रमा सुधार ल्याउने तयार गर्ने ।

७.४ प्रकोप पिडितको आधारभूत आवश्यकता परिपूर्तिका लागि सम्भव भएसम्म तत्काल राहत उपलब्ध गराई सहयोग पुऱ्याउने ।

७.५ भौतिक संरचना निर्माण गर्दा वातावरण मैत्री, अपाङ्ग मैत्री, बाल मैत्री राष्ट्रिय मापदण्ड अनुसार बनाउन जोड दिने ।

७.६ विपदबाट हुन सक्ने हानी-नोक्सानीका बारेमा सचेत गराउने पूर्व तयारीका लागि अवलम्बन गर्न सकिने उपायहरु तथा तयारी बारे जानकारी गराउने ।

७.७ विपद तथा जलवायु उतथानशील व्यवस्थापनका क्षेत्रमा काम गर्न नगर भित्रका सम्बन्धित निकाय संघ संस्थाहरुका बीच समन्वय कायम गर्ने ।

७.८ विपद तथा जलवायु उत्थानशिल सम्बन्धी एकिकृत कार्यक्रम जस्तै महिला, बालबालिका, जेष्ठ नागरिक हरुलाई पहिलो प्राथमिकतामा राखि कार्यान्वयनका लागि पहल गर्ने ।

७.९ विपदबाट पिडित व्यक्तिहरुलाई तत्कालिन उद्धार सहयोगका लागि कोषको व्यवस्था गर्ने ।

७.१० विपद तथा जलवायु उत्थानशील व्यवस्थापन गर्न वातावरणमैत्री योजना निर्माण, वातावरण संरक्षण, फोहर मैला व्यवस्थापन, जलवायु परिवर्तनका सम्बन्धमा राष्ट्रिय योजना आयोग, प्रदेश सभा, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालयद्वारा तय गरिएका उद्धेश्य प्राप्तिका लागि सहयोग पुरयाउने ।

७.११ विपद तथा जलवायु उत्थानशील व्यवस्थापन गर्न नगरपालिकाका प्रत्येक वडाहरुमा कोष स्थापना गर्ने छ ।

७.१२ विपद तथा जलवायु उत्थानशील व्यवस्थापन गर्न प्रत्येक वार्डमा पूर्व तयारीका लागि आवश्यक पर्ने उद्धार सामग्री किट राखिनेछ ।

**८. नीति :**

८.१ विपद तथा जलवायु पिडितका लागि उद्धार कार्यमा सहयोग गर्ने ।

८.२ विपद तथा पिडित भएका व्यक्ति, संघ संस्था विद्यालयलाई तत्काल राहत सहयोग उपलब्ध गराउने ।

८.३ विपदबाट पिडितहरुलाई तत्काल पूर्नस्थापनाका लागि सहयोग पुरयाउने ।

८.४विपदबाट पिडितहरुलाई एकिकृत रुपमा सहयोग उपलब्ध गराउन जिल्ला स्थित सबै निकाय, केन्द्र,अन्तरराष्ट्रिय संग संस्थाहरु वीच समन्वय गर्ने ।

स्वीकृत
नगर प्रमुख

परिच्छेद ३

९.कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था

९.१ कोषको लक्ष्य तथा उद्देश्यहरुको प्राप्तिका लागि निम्न अनुसारको व्यवस्थापन समिति गठन गरिने छ ।

१. नगर प्रमुख - अध्यक्ष

२. नगर उप- प्रमुख -उपाध्यक्ष

३. सबै वडा अध्यक्ष - सदस्य

४. नेपाल रेडक्रस सोसाईटी, स्थानीय गैर सरकारी संस्थाको तर्फबाट नगरपालिकाले मनोनयन गरेका (५जना) -सदस्य

समावेशी रुपमा कायम गर्नुपर्ने छ ।

५.५. स्थानीय स्तरमा उपलब्ध विपद व्यवस्थापन सम्बन्धी विज्ञ मध्ये नगरपालिकाले मनोनयन गरेका २ जना -सदस्य

५.६ नगर पालिका प्रमुख प्रशासकीय अधिकृत - सदस्य

७. नगरपालिका वा प्रमुख प्रशासकीय अधिकृत ले तोकेको कर्मचारी -सदस्य सचिव

९.२ प्रकरण ९.१ बमोजिम समितिको पदावधि ३ वर्षको हुने छ । पद छाडेमा वा मृत्यु भएमा बाँकी अवधिका लागि समितिले नै सदस्य मनोनयन गर्न वाधा पर्ने छैन ।

९.३ व्यवस्थापन समितिको बैठक सामान्यतया ३ महिनामा १ पटक बस्नेछ । बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बैठक बोलाउनेछ । आवश्यक्ता महशुस भएका व्यवस्थापन समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिने छ । आदेशले सदस्य सचिवले बैठक बोलाउने छ ।

९-४ व्यवस्थापन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तिमा ५१% सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ । बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नुपर्नेछ ।

**१०. सञ्चालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार**

१०-१ कोष व्यवस्थापन तथा सञ्चालन समितिका काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विपद तथा जलवायु उत्थानशील व्यवस्थापनका लागि आर्थिक श्रोत जुटाउने ।

(ख) कोषको वार्षिक योजना तर्जुमा गरी स्वीकृतका लागि नगरकार्यपालिका बैठक वा नगरसभामा पेश गर्ने ।

(ग) विपद सम्बन्धी पुर्व सतर्कताका लागि चेतनामुमूक कार्यक्रम सञ्चालन गर्ने ।

(घ) विपदबाट पिडित समुदाय, व्यक्ति, परिवार, संघ संस्थाहरुलाई तत्काल राहत उपलब्ध गराउने ।

(ङ) विपद न्यून गर्न सहयोग पुग्ने खालका कार्यक्रम सञ्चालन तथा व्यवस्थापन योजना तयार गर्ने ।

(च) योजना तथा कार्यक्रम सञ्चालन गर्दा वातावरण मैत्री बनाउन समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(छ) कोषका कार्यहरुको अनुगमन गर्ने ।

(ज) कोषका कार्यहरुको प्रगति समिक्षा गर्ने ।

**११. अध्यक्षको काम कर्तब्य र अधिकार :**

अध्यक्षको काम कर्तब्य तथा अधिकार देहायबमोजिम हुनेछ ।

(क) बैठकको अध्यक्षता गर्ने ।

(ख) बैठक बोलाउन सचिवलाई निर्देशन दिने ।

(ग) बैठकमा प्रतिवेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने ।

(घ) समितिका सदस्यहरुलाई कामको बाँडफाँड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने ।

(ङ) कोषको वित्तीय श्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(च) कोषका निर्णयहरु सार्वजनिक गरी पारदर्शिता कायम गर्ने ।

(छ) कोषका बैठक सहभागितात्मक रुपमा सञ्चालन गराउने ।

(ज) कोषका तर्फबाट अन्य निकायमा प्रतिनिधित्व गर्ने गराउने ।
(झ) कोषका तर्फबाट अन्य निकाय संघ/संस्थासंग सम्झौता गर्नुपर्ने भए गर्ने गराउने ।
(ञ) कोषको योजना तर्जुमा तथा सो को स्वीकृत गर्न आवश्यक कारवाही गर्ने ।
(ट) कोषका कामको अनुगमन मूल्याकंन गर्ने गराउने ।

**१२. सदस्य सचिवको काम कर्तव्य र अधिकार**

कोषको सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।
क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने , अध्यक्ष संगको सल्लाहमा छलफलका विषयवस्तुहरु तथा निर्णयार्थ बैठकमा पेश गर्ने ।
ख) बैठकको निर्णय लेख्ने कोषका सबै कागजातहरु जिम्मा लिने ।
ग) कोषसंग सम्बन्धित सूचनाहरु, तथ्याकं तथा अभिलेख अद्यावधिक गर्ने ।
घ) कोषका प्रशासनिक तथा अन्य दैनिक कार्यहरु गर्ने ।
ङ) कोषका कार्यक्रम तर्जुमा स्वीकृत र कार्यान्वयन गराउन आवश्यक कार्यवाही गर्ने ।
च) कार्यक्रमहरुको अनुगमन गर्ने गराउने ।
छ) कोषको चलअचल सम्पतिको संरक्षण गर्ने गराउने ।

**१३. सदस्यको काम कर्तव्य र अधिकार**

कोषका सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
क) बैठकमा उपस्थित भई छलफलमा सकृयतापुर्वक भाग लिने ।
ख) कोषको काममा सहयोग पुऱ्याउने ।
ग) कोषका कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग पुऱ्याउने ।
घ) कोषले तोकेका अन्य दायित्व निर्वाह गर्ने ।

**१४. आर्थिक तथा प्रशासनिक व्यवस्थापन**

१४.१ कोषको नाममा एउटा कोष रहने छ । जसमा देहायका रकमहरु रहने छन ।
क. नगरपालिकाबाट दैवीप्रकोपका लागि विनियोजन हुने रकम ।
ख. नगरपालिका बाहेकका अन्य स्थानीय तहबाट प्राप्त हुने रकम ।
ग. दातृ निकाय, परियोजना, गैर सरकारी संस्थाबाट प्राप्त हुने रकम ।
घ. कोषलाई अन्य विभिन्न श्रोतहरुबाट प्राप्त रकम ।
ङ नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान सहयोग ।
च. जिल्ला समन्वय समितिबाट प्राप्त हो रकम ।
छ. निजि क्षेत्रबाट प्राप्त हुने रकम ।

१४.२ कोषको रकम बैतडी स्थित कुनै बैंकमा एउटा छुटटै खाता खोली जम्मा गरिने छ ।
कोषको संचालन नगरपालिका कार्यालयका प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेका कर्मचारीर दशरथचन्द नगरपालिका लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुने छ ।

१४.३ कोषको आन्तरीक लेखापरिक्षण दशरथचन्द नगरपालिकाको आन्तरिक लेखा परिक्षण गर्ने व्यवस्था अनुसार हुनेछ ।

१५.कोषको आर्थिक व्यवस्था यस निर्देशिकामा तोकिएको कुरामा यसै निर्देशिका बमोजिम र अन्य कुराको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, बमोजिम हुनेछ ।

१६.अन्य क्षेत्रमा खर्च गर्न नमिल्ने :

कोषमा प्राप्त भएको रकम कोषका लक्ष्य उदेश्य र कार्यक्रमको प्रयोजन बाहेक अन्य कार्यमा खर्च गर्न पाईने छैन ।

**१७. प्रशासनिक व्यवस्था :**

प्रशासनिक कोषको न.पा.को सम्पर्क व्यक्ति प्रमुख प्रशासकीय अधिकृतले तोक्नेछ । यसरी नतोकेको अवस्थामा सामाजिक विकास शाखाले गर्ने छ ।

१८ कोषको व्यवस्थापन समितिको बैठकमा भाग लिने पदाधिकारी तथा सदस्यहरुलाई नगरपालिका सदस्यले पाए सरहको बैठक भत्ता उपलब्ध गराईने छ ।

१९. कार्यक्रम संचालन सम्बन्धी खर्चको व्यवस्था:

१९.१ कोषबाट संचालन हुने कार्यक्रमहरु कोषले आफै वा अन्य सरकारी/गैरसरकारी निकाय संग मिलेर संचालन गर्न सक्ने छ ।

१९.२ कोषले आफ्नो कार्यक्रम गैर सरकारी संघ/संस्थाहरु मार्फत संचालन गराउन सक्नेछ ।

१९-३ विशेष परिस्थितिमा कोष सञ्चालन समितिका अध्यक्षले पछि विपत तथा जलवायु उत्थानशील कोष सञ्चालक समितिबाट अनुमोदन हुने गरी खर्च गर्न सकिनेछ ।

**विविध**

२०. कोषबाट कार्यक्रम संचालन गर्नुपर्ने ।

नगरपालिकाको कार्यालय नगरपालिका र यस अन्तरगतका उप-समिति वा प्रकोप सम्बन्धीका कार्यक्रमहरु संचालन गर्दा विपद तथा जलवायु उत्थाशिल व्यवस्थापन कोष बाट सञ्चालन गरिनेछ ।

२१. जाचपास तथा फरफारक:

कोषबाट संचालन गरिएका कार्यक्रमको जाँचपास तथा फरफारक समितिको सिफारिशमा दशरथचन्द नगरपालिका कार्यालयले गर्नेछ

२२. नगरविकास योजनामा समावेश गर्ने :

२२.१ अन्तिम लेखा परिक्षण गर्ने व्यवस्था नगरपालिकाको सरह हुनेछ ।

कोषका योजना तथा कार्यक्रमहरु नगर सभाबाट पारित गर्नु पर्ने छ ।

२३. निर्देशिकाको संसोधन :

२३.१ यस निर्देशिकालाई संशोधन गर्न आवश्यक देखिएमा व्यवस्थापन समितिको सिफारिशमा नगर सभाले गर्नेछ ।

**२४. खारेजी र बचाउ**

२४.१ यस निर्देशिकामा व्यवस्था भएका कुराहरु प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

२४.२ कुनै कारणबाट कोष संचालन हुन नसकेमा नगर सभाले कोष खारेज गर्न सक्नेछ ।

२४.३ कोष खारेज भएमा कोषमा रहेको चल अचल सम्पत्ति नगरपालिका स्वतः सर्नेछ ।

अनुसुचि १
निर्देशिकाको दफा ३ को प्रयोजनका लागि

दशरथचन्द नगरपालिका विपद तथा जलवायु उत्थानशील विशेष कोष सञ्चालन तथा व्यवस्थापन २०७४

आज्ञाले
रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत